म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ३४४ बुधबार ९ साउन २०८१ ने. सं. ११४४ दिल्लागा 24 July 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## नवोदय शिक्षक तथा कर्मचारीको पुस्तक समीक्षा

हेटौंडा, ८ साउन/हेटौंडा-४ मा रहेको नवोदय शिशुसदन अंग्रेजी माध्यमिक विद्यालयमा आबद्ध शिक्षक तथा कर्मचारीलाई लक्षित गरी सञ्चालन भएको पुस्तक समीक्षा कार्यक्रम सम्पन्न भएको छ । पठन संस्कृतिको विकास गराउने उद्देश्यले नवोदय पुस्तकालयको आयोजनामा पुस्तक समीक्षा भएको हो । पुस्तक समीक्षामा शिक्षक तथा कर्मचारी गरी ११ जनाले पुस्तक समीक्षा गरेको पुस्तकालयका शिक्षिका अन्जिता मिश्रले जानकारी दिइन् । शिक्षक तथा कर्मचारीले आफूले पढेको पुस्तकको छोटो समीक्षा गरी अरु शिक्षक तथा कर्मचारीलाई पुस्तक पढ्न थप उत्प्रेरणा गरेका थिए । नवोदय पुस्तकालयको आयोजनामा वार्षिकरुपमा तीनवटा पुस्तक समीक्षा आयोजना गरिनेछ । जसमा यो पहिलो पुस्तक समीक्षा रहेको मिश्रले बताइन् । कार्यक्रममा विद्यालयका प्रिन्सिपल मनोज थिङ तथा शैक्षिक संयोजक मञ्चन तिवारीलेपुस्तक समीक्षाको बारेमा आफ्नोधारणा व्यक्त गरेका थिए । कार्यक्रममा नवोदय विद्यालयका शिक्षक तथा कर्मचारीको उपस्थिति रहेको थियो ।

# बागमतीमा कांग्रेसबाट पहिलो मुख्यमन्त्री बने लामा, आज सपथ

साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ नेपाली कांग्रेसका बहादुरसिं लामा बागमती प्रदेशको पाँचौ मुख्यमन्त्रीका रुपमा नियुक्त भएका छन् । उनी कांग्रेसबाट बागमतीमा मुख्यमन्त्री बन्ने पहिला नेता हुन् ।

बागमतीमा यसअघि कांग्रेसको नेतृत्वमा सरकार गठन हुन सकेको थिएन । लामा कांग्रेसबाट मात्र नभई देशभरमै तामाङ समुदायबाट मुख्यमन्त्री बन्ने पनि पहिलो भएका छन् । उनलाई प्रदेशप्रमुख यादवचन्द्र शर्माले संविधानको धारा १६८ (२) अनुसार मंगलबार अपरान्ह ५ बजे मुख्यमन्त्रीमा नियुक्त गरेका हुन् ।

लामाले मंगलबार दिउँसो कांग्रेसका ३७ र नेकपा एमालेका २७ सांसदको समर्थनसहित मुख्यमन्त्रीमा दावी पेश गरेका थिए । प्रदेशप्रमुख शर्माले आज मंगलबार ५ बजेभित्र संविधानको धारा १६८ (२) अनुसार बहुमतको सरकार गठनका लागि आइतबार आह्वान गरेका थिए । जम्कट्टेलले ६ साउनमा प्रदेशसभालाई सम्बोधन गरेर राजीनामा दिएपछि नयाँ सत्ता समिकरणअनुसार सरकार गठनको प्रक्रिया सुरु भएको थियो ।

लामाको दाबी पेश सोमबार नै गर्ने पूर्वनिर्धारित कार्यक्रम प्राविधिक कारणले रोकिएको थियो ।



नुवाकोटका लामा पेशाले निर्माण व्यवसायी हुन् । उनको आज बुधवार बिहान ११ बजे प्रदेशप्रमुख कार्यालय परिसरमा पद तथा गोपनीयताको सपथ हुने तय भएको छ । लामाले भोलि नै कांग्रेसका ६ र एमालेका ६ मन्त्रीसहित १३ सदस्यीय मन्त्रीपरिषद्लाई एकैपटक पूर्णता दिने तयारी गरेको कांग्रेसका प्रमुखसचेतक गोविन्द लम्सालले जानकारी दिए ।

यद्यपि, एमालेले ६ मन्त्री र मन्त्रालय टुंग्याइसक्यो भने कांग्रेसले मन्त्री छनोट गरिसकेको छैन । कांग्रेसमा आकांक्षी धेरै भएकाले मन्त्री छनोटमा कठिनाइ भइरहेको जनाइएको छ । कांग्रेसका मन्त्रीहरुको नाम बुधवार बिहानसम्म टुंग्याइसक्ने लामाको सचिवालयले जानकारी दिएको छ ।

२०७४ माघबाट हालसम्म बागमतीमा चार मुख्यमन्त्री भइसकेका छन् । कांग्रेसले भने एकपटक पनि सरकारको नेतृत्व गर्न पाएको थिएन । केन्द्रमा गठबन्धन फेरबदल हुँदासमेत बागमतीमा कांग्रेस सत्ताको नेतृत्वबाट बिमुख रह्यो । २८ माघ २०७४ मा डोरमणि पौडेल बागमतीको पहिलो मुख्यमन्त्री बने । पौडेल मुख्यमन्त्री रहेकै बेला नेकपामा विवाद उत्पन्न भयो । २ भदौ २०७८ पौडेलले राजीनामा दिएसँगै अष्टलक्ष्मी शाक्य मुख्यमन्त्री बनिन् ।

एमाले विभाजित भएपछि १३ सांसदले एकीकृत समाजवादी पार्टी रोजे । सरकार अल्पमतमा परेसँगै १० कार्तिक २०७८ मा राजीनामा दिइन् । केन्द्रमा कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी लगायतका दलको गठबन्धन बन्यो । ११ कार्तिक २०७८ मा एकीकृत समाजवादीका दलका नेता राजेन्द्रप्रसाद पाण्डे ४ दलको समर्थनमा मुख्यमन्त्री बने ।

२०७९ मंसिरमा भएको चुनावलगत्तै माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' एमालेसँग तालमेलमा नयाँ सरकार बनाएसँगै बागमतीमा माओवादीका शालिकराम जम्कट्टेल २५ पुस २०७९ मा मुख्यमन्त्री नियुक्त भए ।

संसदको पहिलो दल भएर पनि कांग्रेस सत्ता नेतृत्वमा पुग्न सकेन । तर, यही असार १७ गते कांग्रेस र एमालेबीच सातबुँदे सहमतिपछि पहिलोपटक कांग्रेस बागमतीको नेतृत्वमा पुगेको हो । जसको अबसर लामाले पाए । नेता लामा २०७९ मंसिर ४ मा सम्पन्न आमनिर्वाचनमा नुवाकोट २ (२) बाट प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए ।

११० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ५६ सांसदको समर्थन आवश्यक पर्छ । कांग्रेस र एमालेसँग ६४ सांसद छन् । प्रदेशसभामा नेकपा माओवादी केन्द्रको ३१, राप्रपाको १२ (सभामुख बाहेक), नेकपा (एकीकृत समाजवादी) को ७, नेमकिपाको ३ र हाम्रो नेपाली पार्टीको २ सांसद छन् ।

## हेटौंडाको १९ वटै डामा आँखाको पर्दा जाँच सुरु

साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ दीर्घरोगका कारण आँखाको पर्दामा समस्या आउँन सक्ने भन्दै हेटौंडा उपमहानगरपालिकाले नगरका १९ वटै वडामा आँखाको पर्दा जाँच कार्य सुरु गरेको छ ।

हेटौंडा समुदायिक आँखा अस्पतालको प्राबिधिक सहयोग तथा टोलविकास संस्था नगरसमन्वय समितिको व्यवस्थापनमा नगरका सम्पूर्ण वडामा रहेका मधुमेहका बिरामी तथा ५० वर्ष उमेर समूहका नगरवासीको आँखाको पर्दा जाँच कार्यक्रम सुरु गरेको हो । मधुमेह तथा उमेरहदका कारण आँखामा समस्या आउँन सक्ने भन्दै मंगलबार हेटौंडा-१९ सान्नानीटार बाट थालिएको आँखाजाँच कार्यक्रमको हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले उद्घाटन गरेकी हुन् । शिबिर १९ नम्बर वडाको तीन स्थानमा सञ्चालन हुनेछ । कार्यक्रमको उद्घाटन गर्दै नगरप्रमुख लामाले दैनिक रुपमा नगरमा बढ्दै गएका दीर्घरोगी लक्षित गरी आँखाजाँच कार्यक्रम अघि बढाएको बताइन् ।

नगरमा १९ वटै वडाका बिभिन्न ठाउँमा पुगरे आँखाको अवस्थाबारे जानकारी लिने र उपचारमा सहयोग गर्ने नीति उपमहानगरले लिएको बताइन् । शिबिरका कारण घरबाट हिड्डुलका लागि असहज भएकालाई अस्पतालसम्म जानुपर्ने समस्या हटाउँनका लागि कार्यक्रम वडातहसम्म लगिएको बताइन् ।

वडामा पुग्ने शिविरबाट नगरवासीको आँखाको अवस्था पहिचान हुने र उपचारको लागि मद्दत पुऱ्याउने उद्देश्य रहेको भन्दै उनले उपचारमा समस्या हुनेलाई उपमहानगरले सहयोग गर्ने बताइन् । वडामा सञ्चालन हुने शिविरका लागि उपमहानगरले अस्पताललाई आँखाजाँचको मेसिन सहयोग गरेको छ । कार्यक्रममा समुदायिक आँखा अस्पतालका प्रमुख डाक्टर सुनिल थकालीले शिबिर मार्फत आँखामा सुगर, प्रेसर सहित अन्य समस्याका बारेमा जानकारी गराइने बताए ।

अस्पतालमा आउँने बिरामीको तथ्थांकको आधारमा हेटौंडामा दीर्घरोगका कारण आँखामा समस्या भएको बिरामीको संख्या धेरै रहेकाले उपमहानगरसँगको सहकार्यमा शिबिर सञ्चालन गरिएको बताए । आँखापरीक्षण नभएका कारण पर्दामा समस्या आए उपचारका लागि खर्च बढी लाग्नबाट जोगाउन र समयमै उपचारमा लाग्न सहयोग पुऱ्याउन शिबिर सञ्चालन गरेका जानकारी दिए ।

पहिलो दिनको शिविरमा ९० जनाको आँखाको पर्दा परीक्षण गरिएको छ । शिविरमा आएकामध्ये मधुमेह (सुगर) का कारण २० जना बिरामीको आँखामा समस्या देखिएको सामुदायिक आँखा अस्पतालका प्रशासन प्रमुख सुधिर श्रेष्ठले जानकारी दिए । टोल विकास सस्था नगरसमन्वय समितिका अध्यक्ष ध्रुव अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-१९ का अध्यक्ष नरनाथ सुवेदी, टोल विकास सस्था नगर समन्वय समितिका उपमहासचिव देबकुमार श्रेष्ठ, टोल विकास संस्था-१९ नम्बर वडाका संयोजक श्यामकुमार रिमाल, अस्पतालका प्राबिधिक मीनबहादुर रोकाया लगायतको आतिथ्यता रहेको थियो ।

हेटौंडा-१९ स्थित तपोवन टोल विकास संस्थामा मधुमेहका बिरामी तथा ५० वर्ष भन्दा बढी उमेर भएका व्यक्तिको आँखाको पर्दा जाँच गरिएको हो । नेपालमा पछिल्लो समय मधुमेह र उच्चरक्तचापका बिरामी बढ्दै गएसँगै त्यसले आँखामा असर पार्ने हुँदा आँखापरीक्षण सिविरको आयोजना गरिएको हो । मधुमेह र उच्चरक्तचापले मानव शरिरको विभिन्न अङ्गमा असर गर्ने र सबैभन्दा पहिले आँखाको दृष्टिपर्दा अर्थात रेटिनामा असर गर्ने भएकोले सचेत गराउनु पनि कार्यक्रमको उद्देश्य रहेको बताइएको छ ।

## प्रभुका कर्मचारी, ग्राहकलाई टिस्टुङ रिसोर्टमा छुट

साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ प्रभु बैंकका कर्मचारीहरु तथा ग्राहकले थाहा नगरको टिस्टुङमा रहेको टिस्टुङ रिसोर्टका विभिन्न सेवामा विशेष छुट पाउने भएका छन् । टिस्टुङ रिसोर्टका सञ्चालक गोविन्द महर्जन र सन्त महर्जन तथा प्रभु बैंकका तर्फबाट बागमति प्रदेशप्रमुख दीपेन्द्रबाबु विष्ट र मार्केटिङ म्यानेजर सविनशम्शेर राणाले सम्झौतापत्रमा मंगलबार हस्ताक्षर गरेका छन् ।

सम्झौता अनुसार प्रभु बैंकका कर्मचारी तथा ग्राहकले बैंकसँगको आबद्धता प्रमाणका आधारमा आवास, खाना, खाजा तथा रिसोर्टमा उपलब्ध सम्पूर्ण सेवासुविधामा विशेष छुट प्राप्त गर्न सक्ने बैंकले जनाएको छ । रिसोर्ट मकवानपुरको उत्तरीभेगको बज्रबाराहीमा रहेकोछ । बैंकले हालसालै 'बैंक अफ द इयर २०२३' को उपाधि पाएको थियो । प्रभु बैंकका नेपालभर ३०७ शाखा कार्यालय, २८३ एटीएम, ६९ एक्सटेन्सन काउन्टर रहेका छन् ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७


ई-रिक्साको पुरानो सामान बिक्रीसम्बन्धी जरुरी सूचना

ई-रिक्सा (मयुरी) को पुराना पार्टपूर्जाहरु टायर, डिक्स, मोटर, चार्जरलगायत विभिन्न सामानहरु बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।

७०% बैंकिङ सुविधा

सम्पर्क:
भेष खड्गी
९८५५०६८८७३, ९८४५४५७५०७



साझाकुरा

## हाम्रो कुरा

# उपलब्धी सार्वजनिक गर्ने लहर

सत्तासमिकरण फेरबदल हुनु सामान्य कुरा हो । मन्त्रीहरुले मन्त्रालय छोड्दैगर्दा आफ्नो उपलब्धी देखाएर जाने लहर चलेको छ । मुख्यमन्त्री शालिकराम जम्कट्टेलले आफ्नो कार्यकालको उपलब्धी सार्वजनिक गरेपछि सबै मन्त्रालयको गतिबिधि त्यसैमा समेटिएको थियो । तर, मन्त्रीहरुले त्यत्तिकैमा चित्त बुझाएनन् र आफूले गरेको कार्यको सार्वजनिक गर्नेक्रम जारी राखे । बागमती प्रदेश, सामाजिक विकासमन्त्री कुमारी मोक्तानले आफ्नो कार्यकालमा भएको महत्वपूर्ण उपलब्धि समेटिएको पुस्तक सार्वजनिक गरिन् । मन्त्री मोक्तानले सोमबार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमार्फत् कार्यकालमा भएको मुख्य-मुख्य कार्य विवरण समेटिएको पुस्तक सार्वजनिक गरेकी हुन् । सार्वजनिक पुस्तिकामा मन्त्रालयको कार्यक्षेत्रभित्र पर्ने शिक्षा, गरिबी निवारण, महिला तथा बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सामाजिक सुरक्षा, सीपमूलक तालिमको विषयमा भएको कार्य समेटिएको थियो । उनले आफ्नो कार्यकालमा शिक्षाक्षेत्र सुधारमा उल्लेखनीय प्रगति भएको दाबी गरिन् । प्रदेशका ३५ वटा स्थानीय तहसँगको साझेदारीमा गृहिणी महिला सशक्तिकरण कार्यक्रम सञ्चालन भइरहेको बताइन् । चेपाङ समुदायको उत्थानका लागि प्रदेशका ६ वटा स्थानीय तहमा चेपाङ, चमेरो र च्यूरी संरक्षण कार्यक्रम सुरु भएको उनको भनाई छ । उनी दोश्रो कार्यकालमा २०७९ माघ ११ गतेदेखि २०८१ साउन ६ गतेसम्म मन्त्री बनेकी थिइन् । उनी नेकपा माओवादीको तर्फबाट सरकारमा सहभागी भएकी हुन् ।

आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले आफ्नो १८ महिने कार्यकालमा गरेका कार्यको प्रगतिविवरण सार्वजनिक गरेका छन् । मन्त्री श्रेष्ठले २०७९ माघ ११ देखि २०८१ साउन ६ गतेसम्म जम्कट्टेल नेतृत्वको सरकारमा आन्तरिक मामिलामन्त्रीको रुपमा रहँदा गरेका कार्यको विवरण मंगलबार सार्वजनिक गरेका हुन् । नयाँ सत्तासमीकरण बनेर जम्कट्टेलले राजीनामा दिएसँगै सरकार ढलेको छ । श्रेष्ठले सरकार गठन भएदेखि हालसम्म ७१ वटा प्रहरी भवन निर्माणमा प्रदेश सरकारले लगानी गरेको तथा ६५ वटा भवन निर्माण सम्पन्न भएको जानकारी दिए । निर्माण सम्पन्न भएकामध्ये ६१ वटा भवन उद्घाटन भई हस्तान्तरण गरिएको तर, बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडा, सिन्धुलीको हर्षही प्रहरीचौकी, नुवाकोटको देउराली प्रहरीचौकी, रामेछापको भुजी प्रहरीचौकी गरी ४ वटा प्रहरी कार्यालय भवन निर्माण सम्पन्न भएपनि हस्तान्तरण गर्न बाँकी रहेको श्रेष्ठले जानकारी दिए । ६ वटा भवनहरु निर्माणाधीन अवस्थामा रहेको जानकारी दिँदै उनले हालसम्म प्रहरी कार्यालय भवन निर्माण गर्न ३ अर्ब ४७ करोड २२ लाख ६४ हजार रुपैयाँ निकासा भएको बताए । संघीयता संस्थागत र सवलीकरण गर्न प्रदेश सरकार गठन भएपश्चात हालसम्म ऐन ६३, अध्यादेश १४, नियमावली २५, विनियमावली २, निर्देशिका ८, कार्यविधि ५५, मापदण्ड १०, आदेश ७ गरी जम्मा १८४ वटा कानुन निर्माण भएको उनले जानकारी दिए । २०७९ माघ ११ गतेबाट २०८१ साउन ६ सम्म ऐन- ९, अध्यादेश १, नियमावली ७, निर्देशिका ४, कार्यविधि २०, मापदण्ड -६, विधान-२ र आदेश-३ र राजपत्र सूचना- ४३ गरी कुल ९५ कानून प्रदेश राजपत्रमा प्रकाशन गरिएको उनले जानकारी दिए ।

कृषि तथा पशुपक्षी विकासमन्त्री डा.राजेन्द्रमान श्रेष्ठले आफ्नो १४ महिने कार्यकालको प्रगति विवरण सार्वजनिक गरे । २०८० जेठ ७ गतेदेखि हालसम्मको अवधिमा मन्त्रालयबाट भएका मुख्य उपलब्धि र आगामी योजनाबारे उनले सोमबार पत्रकार भेटमा विस्तृत जानकारी दिएका हुन् । डा. श्रेष्ठले कार्यकालमा नीतिगत सुधार एवम् मन्त्रालयको कार्यसम्पादनमा वृद्धि र सुधार ल्याउने प्रयास गरेको बताए । प्रदेश कृषि विकाससम्बन्धि विधेयक, २०८० बारे प्रदेशसभाको विषयगत समितिमा छलफल भएको र ऐन निर्माण भए प्रदेश कृषि विकासमा उल्लेख्य सहयोग पुग्ने अपेक्षा गरिएको उनले बताए । प्रदेशमा माटोको गुणस्तरमा सुधार ल्याउन एवम् रासायनिक मलको समस्या समाधान गर्न 'एक प्रदेशसभा सदस्य निर्वाचन क्षेत्र-एक प्रांगारिक मल कारखाना' स्थापना अभियान सुरु गरिएको उनले बताए । गत आर्थिक वर्षमा ७ जिल्लाका ७ पालिकामा यो कार्यक्रम लागू गरिएको र चालु वर्ष थप ७ कारखाना स्थापना गर्ने योजना रहेको जानकारी दिएका उनले कार्यक्रमले प्रदेशभर प्रांगारिक मल उत्पादनमा वृद्धि र किसानलाई गुणस्तरीय मल उपलब्ध गराउने लक्ष्य राखिएको बताए ।

# अर्थ-राजनीति र उत्पादनमूलक क्षेत्रको अवस्था



✍ वैकुण्ठ पाण्डे

नेपाल राष्ट्र बैंकको २०८१ जेठ मसान्तसम्मको तथ्यांकअनुसार मुलुकको वित्तीय क्षेत्रमा क्रमश: सुधार हुँदै आएको छ । जेठमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ४.१७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ६.८३ प्रतिशत रहेको थियो । कुल वस्तु निर्यात ३.० प्रतिशतले कमी आई रु. १३९ अर्ब २६ करोड कायम भएको छ । समीक्षा अवधिमा कुल वस्तु आयात १.८ प्रतिशतले कमी आई रु. १४५३ अर्ब ७० करोड कायम भएको छ ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयातमा १६ प्रतिशतले कमी आएको थियो । यस अवधिमा भ्रमण आय ३३ प्रतिशतले वृद्धि भई रु. ७६ अर्ब ५५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु. ५७ अर्ब ५५ करोड रहेको थियो । सेवा खाताअन्तर्गत भ्रमण व्यय ३४.७ प्रतिशतले वृद्धि भई रु. १७५ अर्ब १६ करोड पुगेको छ । यसमध्ये शिक्षातर्फको व्यय रु. ११७ अर्ब १ करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रु. १३० अर्ब रहेकोमा शिक्षातर्फको व्यय रु. ८९ अर्ब १८ करोड रहेको थियो । विप्रेषण आप्रवाह १९.३ प्रतिशतले वृद्धि भई रु. १३२७ अर्ब ५१ करोड पुगेको छ ।

अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २२.७ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह १७.३ प्रतिशतले वृद्धि भई ९ अर्ब ९८ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १३ प्रतिशतले बढेको थियो । यस अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति लिने नेपालीको संख्या ४२२,९३६ र पुन: श्रम स्वीकृति लिनेको संख्या २६२,७०५ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमश: ४५९,४१५ र २६०,२६२ रहेको थियो । चालू खाता रु. २०० अर्ब ३९ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालू खाता रु. ७९ अर्ब ५३ करोडले घाटामा रहेको थियो । खुद प्रत्यक्ष वैदेशिक लगानी रु. ८ अर्ब १६ करोडले धनात्मक रहेको छ । शोधनान्तर स्थिति रु. ४२५ अर्ब ६७ करोडले बचतमा रहेको छ ।

अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु. २२४ अर्ब ९० करोडले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा १ अर्ब ७१ करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा ३ अर्ब २० करोडले बचतमा रहेको छ । २०८० असार मसान्तमा रु. १५३९ अर्ब ३६ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति २७.८ प्रतिशतले वृद्धि भई २०८१ जेठ मसान्तमा रु. १९६७ अर्ब १९ करोड पुगेको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०८० असार मसान्तमा ११ अर्ब ७१ करोड रहेकोमा २०८१ जेठ मसान्तमा २५.७ प्रतिशतले वृद्धि भई १४ अर्ब ७२ करोड पुगेको छ ।

यस प्रकार चालू खाता सधैँ घाटामा रहेको परिस्थितिमा यसपटक धनात्मक हुनु, भुक्तान सन्तुलन र विदेशी विनिमय सञ्चिती क्रमश: बढ्दै जानु निकै राम्रो अवस्था हो । प्रत्यक्ष वैदेशिक लगानीको रकम पनि वृद्धि भइरहेको देखिन्छ । अत: यी समग्र पक्षहरुको मूल्यांकन गर्दा नेपालको अर्थतन्त्र क्रमश: सुधारोन्मुख रहेको कुरामा प्रस्ट हुन सकिन्छ । तर पनि नेपालको उत्पादनमूलक उद्योगहरुको स्थितिमा अपेक्षित सुधार हुन सकेको देखिँदैन, जसको बारेमा यस आलेखमा विमर्श गर्ने प्रयास गरिएको छ ।

**उत्पादनमूलक क्षेत्रको वर्तमान अवस्था** :

आर्थिक वर्ष २०७८/७९ को अन्त्यसम्ममा देशभर स्वदेशी र विदेशी लगानीका गरी जम्मा ८,७६२ उद्योग दर्ता भएका छन् । समूहगत हिसाबले सूचना, सञ्चार तथा प्रसारण प्रविधिमा आधारित उद्योगहरु ९३ वटा जसबाट ५,८५० जनालाई रोजगारी प्राप्त, उत्पादनमूलक उद्योगहरु ३,२८० वटा जसबाट ३,४८,२६३ जनालाई रोजगारी प्राप्त, खनिजमूलक उद्योग ७२ वटा जसबाट ७,३८७ जनालाई रोजगारी प्राप्त, सेवामूलक उद्योगहरु ३,२८० वटा जसबाट ३,४८,२६३ जनालाई रोजगारी प्राप्त र पर्यटनमूलक उद्योगहरु १,९२२ वटा जसबाट ७८,१७६ जनालाई रोजगारी प्राप्त भएको तथ्यांकले देखाएको छ । यसरी कुल ८,७६२ उद्योगबाट आ.व. २०७८/७९ को अन्त्यसम्ममा ६,५७,५०७ जनाको संख्यामा रोजगारी सृजना भएको छ । अघिल्लो वर्षको अन्त्यसम्ममा उद्योग विभागमा दर्ता रहेका उद्योगको संख्या ८ हजार ५ सय ६१ रहेको थियो, जसबाट ६ लाख ४५ हजार ६ सय ७४ जनाले रोजगारीको अवसर प्राप्त गरेका थिए ।

आ.व. २०७८/०७९ सम्ममा उद्योग विभागमा दर्ता भएका वैदेशिक लगानीका उद्योगहरुको संख्या ५,६६४ रहेकोमा जसबाट कुल २,९९,९६१ रोजगारी सृजना भएको तथ्यांकबाट देखिन्छ । यी उद्योगहरुबाट रु. ४८५ अर्ब वैदेशिक लगानी भित्रिने देखिन्छ । कुल सञ्चालित उद्योगहरुमध्ये ठूला उद्योगहरु ३२४, मझौला उद्योग ६२२ र साना उद्योग ४,७१८ वटा रहेका छन् । विदेशी लगानीका निम्ति नेपाल सरकारबाट स्वीकृत लिए तापनि यी उद्योग सञ्चालनमा आएका छैनन्, जसले नेपालको उत्पादनमूलक क्षेत्रमा ठूलो योगदान मिल्न सक्थ्यो ।

यसबाट लगानी, रोजगारी, उत्पादन र राजस्वमा ठूलो उपलब्धि हासिल हुने निश्चित थियो । प्रत्यक्ष वैदेशिक लगानीको रकम पनि वृद्धि भई ८ अर्ब नाघेको कुरा राम्रो हुँदाहुँदै पनि यो पर्याप्त भने होइन । हाम्रा आफ्ना संस्थागत संरचनामा रहेका समस्याका कारण अर्थतन्त्रमा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन । हाम्रा ऐन, नियम, कानुन, नियमावली, निर्देशिका, यिनलाई परिचालन गर्ने सरकार, कर्मचारीतन्त्र, प्रहरी, सेना, अदालतजस्ता राज्य संरचनाहरु नै राष्ट्रको समृद्धिप्रति जिम्मेवार हुने गर्दछन् । देशमा लगानीयोग्य स्रोतको अभाव भएको अवस्थामा आर्थिक क्षेत्रलाई थप चलायमान गराउन वैदेशिक लगानी अनिवार्य हुन्छ भन्ने थाहा हुँदाहुँदै पनि संस्थागत संरचनाको बेवास्ताका कारण देशमा वैदेशिक लगानी भित्रिन सकिराखेको छैन ।

**देशको अर्थ-राजनीति** :

समग्र अर्थतन्त्रमा देखा परेका परिदृश्यहरु हाम्रो उत्पादन सम्बन्धका उपज हुन्, जसको कारण औद्योगिक क्षेत्रमा समेत निराशाजनक स्थिति देखा परेको छ । उत्पादन सम्बन्ध भन्नाले देशमा रहेको साधन र स्रोत जसलाई उत्पादनका साधन भनिन्छ ती साधन कसको नियन्त्रणमा रहने भन्ने कुरालाई उत्पादन सम्बन्धले निर्देशित गर्दछ । उत्पादन सम्बन्धलाई राजनीति, कर्मचारीतन्त्र, ऐन-कानुनहरु, प्रहरी, अदालत, अन्य राजकीय बन्दोबस्त आदि कुराले मलजल गर्दछ । उत्पादनमा भन्दा पनि देशको कानुन र बजेटरी प्रक्रियाबाट अकूत सम्पत्ति आर्जन गर्न पल्केका केही व्यापारिक घरानाहरु, उनीहरुले निर्माण गरेको लाभको वितरण गर्ने सञ्जालहरु हाम्रा संस्थागत संरचनामा देखा परेका कमजोरीमा मौलाउने ऐजेरु हुन् ।

तीन तहको उर्ध्व सम्बन्धलाई चिर्न नसक्ने हो भने स्थितिमा कुनै तात्विक परिवर्तन ल्याउन सम्भव छैन । प्रथम तहमा उत्पादन सम्बन्ध आधारभूत संरचनाको रुपमा रहेको हुन्छ, दोस्रो देशको शासनमा बसेका शासक वर्ग र तिनले निर्माण गरेका संस्थागत संरचनाहरु उपरि संरचनाको रुपमा रहेका हुन्छन् । र, तेस्रोमा उत्पादन सम्बन्धको असर वा नतिजा पर्दछ । प्राय: आम मानिसको ध्यान तेस्रो तहमा पुग्छ र आफू अनुकूल कानुन निर्माण गर्नको निम्ति दबाब सिर्जना गर्दछ । ऐन, नियम र कानुन पनि बन्दछ । तर कार्यान्वयन गर्ने संरचना नै हुँदैन र भए पनि त्यसको नेतृत्व गर्ने सरकारी अधिकारी उदासीन बनिदिन्छ । परिणाममा केही हात लाग्दैन । उत्पादन सम्बन्ध माटोमुनिको फलजस्तै हो । यो लुकेर बसेको हुन्छ र दिनुपर्ने वर्गलाई निरन्तर फल दिइराखेको हुन्छ तर सर्वसाधारण मानिसलाई जानकारी नै हुँदैन । त्यसलाई उधिन्न बल प्रयोग वा अन्तर्दृष्टिको जागरण अनिवार्य हुन्छ । बल प्रयोगबाट राज्य सत्ता परिवर्तन भए तापनि जमिनमुनिको फललाई उधिनेर समानुपातिकरुपमा सबैमा वितरण गर्ने काममा राजनीतिक शक्ति उदासीन बनिदिँदा स्थितिमा तात्विक परिवर्तन आउन सक्दैन ।

सिंगापुरमा ली क्वान यु, मलेसियामा मोहम्मद महाथिर, चीनमा देङ सियायो पिङ, रुसमा लेनिन, भारतमा मनमोहन सिंहलगायतका विकसित तथा औद्योगिक राष्ट्रहरुको आर्थिक उडानको चरण प्रथम तहको सुधारबाट शुरु भएको देखिन्छ । उपरिसंरचनाको रुपमा रहेको हाम्रो देशको संविधान देशको औद्योगीकरणको मार्गमा सहयोगी देखिए तापनि देशको हित विपरीत भए/गरिएका सन्धि सम्झौताहरु र समाजवाद उन्मुख अर्थनीति रहने संवैधानिक व्यवस्था विपरीत देशमा झाङ्गिँदै गएको नवउदारवादी नीत र त्यसले निर्माण गरेको क्रोनिजम अनि रेन्ट सिकिङ संस्कृति देशको औद्योगिक यात्रामा ठूलो अवरोधको रुपमा देखा परेका छन् । देश बिस्तारै वस्तु तथा सेवा उत्पादन गरेर आत्मनिर्भरतातर्फ अग्रसर हुनेभन्दा पनि विदेशबाट सामान आयात गरेर व्यापार गर्दा बढी नाफा हुने अवस्था सिर्जना भएको कारण व्यापार घाटा बढ्दै गएको स्थिति छ । अत: हाम्रो ओरिएन्टेसन मानुफ्याक्चरबाट ट्रेडरतर्फ सिफ्ट हुँदै छ । यो दिशालाई नबदलीकन हाम्रो व्यापार घाटा, भुक्तान सन्तुलन र वैदेशिक ऋणप्रतिको निर्भरता घट्दैन, बढ्दै जाने हो । अन्तत: अर्थतन्त्रमा समयानुकूल हुनुपर्ने परिवर्तन सम्भव हुँदैन ।

**उत्पादनमूलक क्षेत्रका चुनौती** :

नेपालको औद्योगिक क्षेत्रमा विद्यमान समस्याहरु हल गर्न नसक्दा देशको वास्तविक क्षेत्र (रियल सेक्टर) खस्कँदो स्थितिमा पुगेको छ, जसको कारण आयातको आकार बढ्न गई समग्र भुक्तान सन्तुलनसमेत कमजोर बन्दै जानेछ । भुक्तान सन्तुलनमा आउने समस्यालाई हल गर्न आयातलाई निरुत्साहित गर्नुपर्ने हुन्छ । समाजका सीमित धनाढ्य तथा नवधनाढ्य वर्गको सुविधाको निम्ति बेरोकटोक विलासिताका वस्तुहरुको आयातलाई निरुत्साहित गर्नुपर्दछ । केही वस्तुमा कोटा प्रणाली लागू गर्नुका साथै ब्याजदरमा कडाइ गरिएको कारण पछिल्लो समयमा औद्योगिक क्षेत्रमा समस्या देखा परेको परिस्थिति बनेको थियो तर यसले देशको भुक्तान सन्तुलनमा सुधार गर्ने मात्र नभई बिस्तारै मजबुत बन्दै गयो ।

देशको भुक्तान सन्तुलनमा देखा पर्ने समस्यालाई सदाका लागि हल गर्न पनि स्वदेशी उत्पादनलाई अभिवृद्धि गरी वास्तविक क्षेत्र (रियल सेक्टर) मजबुत बनाउनु अपरिहार्य छ । यसका निम्ति देशको आधारभूत संरचना र संस्थागत बनोटमा समेत परिवर्तन अपरिहार्य देखिन्छ । अब हामीले रु. १४५३ अर्ब ७० करोडको समान आयात भएका वस्तु तथा सेवामध्ये कुन-कुन वस्तु तथा सेवाहरु नेपालमै उपलब्ध गराउन सक्छौं र त्यसको निम्ति कति समय लाग्छ भन्ने विषयमा अध्ययन गरी ठोस कार्यक्रमका बारेमा सोच्नै पर्ने हुन्छ । उत्पादकहरुलाई के-कस्ता सुविधा दिने, बजारमा के-कस्तो व्यवस्था आवश्यक छ ? अध्ययन गरी ठोस कदम चालिएको खण्डमा रियल सेक्टरमा सुधार हुँदै गएर देशको अर्थतन्त्र मजबुत बन्दै जान्छ भने स्वदेशमा देखिएको बेरोजगारी समस्या र विदेश पलायनको समस्या हल हुन्छ ।

यति मात्र होइन, देशभित्र देखिएको युवाजनशक्तिको अभावलाई पनि हल गर्न निकै सजिलो हुनेछ । अब आयात प्रतिस्थापन गर्ने नीतिमा सरकारको नियत र कार्यक्षमता मापन गरिनुपर्दछ । तर यो कुरा अर्थ-राजनीतिसँग जोडिएको विषय हो । यसले समग्र मुलुकलाई कता डोर्‍याउने र कुन वर्गको सेवा गर्ने भन्ने कुरको निर्क्योल गर्दछ र तदनुरुप नीति निर्माण हुँदै साधनको वितरणमा जोड दिन्छ । यही नै हो अर्थ-राजनीति । स्वदेशी साधन (कच्चा वा तयारी) लाई प्रयोगविहीन राख्नै फटाफट वस्तु आयातमा रमाउने हाम्रा भाग्य विधाताहरु हुँदासम्म राष्ट्रमा कायापलट हुन्छ भन्नु त्यति सान्दर्भिक नहोला ।

**निष्कर्ष** :

अन्तर्राष्ट्रिय बजारमा देखिएको आर्थिक संकट, आन्तरिक अर्थतन्त्रमा आएको मन्दी, बजारमा बैंक तथा वित्तीय संस्थाहरुविरुद्ध देखिएको असन्तोष लगायतका कारणबाट लगानीको वातावरण बिग्रिन पुगेको देखिन्छ । अहिले आएर भुक्तान सन्तुलनमा बिस्तारै सुधार हुँदै गएको, ब्याजदर घट्दै गएको छ तर अन्य परिस्थिति अझै उद्योगमैत्री बन्न सकिरहेको छैन । पूँजीगत खर्च नियमित हुन नसक्दा अर्थतन्त्र चलायमान हुन सकिरहेको छैन ।

उद्योगहरु पूर्ण क्षमतामा चल्न सकिरहेका छैनन् । सिमेन्ट, फलामे छड, अटोमोबाइल, पर्यटन तथा घरजग्गा कारोबारमा मन्दी देखा परेको कारण कुल मागमा कमी आएको अवस्था छ । राजनीतिमा देखा परेको पौराणिक राजा बेन (भक्त प्रह्लादका नाति) प्रवृत्तिबाट उत्पादन सम्बन्धको सुधारमार्फत स्थापित गरिनुपर्ने वितरणात्मक न्याय स्थापित हुन सक्दैन । हाम्रो संविधानले समाजवाद उन्मुख अर्थतन्त्रको परिकल्पना गरे तापनि हामीले संविधान अनुरुपका संस्थागत संरचनाहरु निर्माण गर्न सकेका छैनौं ।

उत्पादनमा कुशलता र प्रतिस्पर्धात्मक दक्षता पूँजीवादका सबल पक्ष हुन् भने वितरणात्मक न्याय समाजवादको सार हो । यी दुवैलाई समेटेर अधिकतम सामाजिक न्याय स्थापित होस् भन्ने हाम्रो संविधानको परिकल्पना व्यवहारत: क्रोनिक क्यापिटलिज्मको सिकार भएको छ । वित्तवादको चक्रव्यूमा अर्थतन्त्र जेलिएको छ । समाजमा सुशासन दुर्लभ चरीजस्तो अनुभूति भएको छ ।

अन्तत: सतहमा जे-जस्ता प्रभावहरु देखिएका छन्, यी सबै देशको उत्पादन सम्बन्ध र त्यसले निर्माण गरेका संरचनागत संयन्त्रहरुकै उपज भएको कारण यसलाई राष्ट्रको अनुकूलतामा बदल्न सक्ने अद्वितीय राजनीतिक नेतृत्वको आवश्यकता पर्दछ । एक वाक्यमा भन्नुपर्दा, देशको अर्थ-राजनीति सुधार गर, रियल सेक्टर बलियो बनाऊ ।

*(स्रोत: नेपाल समाचार-पत्र)*

# नयाँ समीकरणले उब्जाएका प्रश्न र हाम्रो जिम्मेवारी

✍ डोरप्रसाद उपाध्याय

यतिबेला नेपाली राजनीति चर्चाको शिखरमा छ । विश्वास-अविश्वास, धोका-प्रतिधोका र प्रतिशोधको बाक्लो तुवाँलोभित्र नयाँ सरकार बनेको छ । सरकारमा पुग्नेहरू 'पासा' पल्टाएकामा उधुम दङ्ग छन् । उनीहरूलाई देश कमजोर बन्दै गएको, अर्थतन्त्र ओरालो झरेको, राजनीतिक अस्थिरता बढेकामा कुनै चिन्ता छैन, उल्टो जालझेल र षड्यन्त्रका माध्यमबाट 'ओलिटिक्स' लागु भएकामा औसतभन्दा बढी खुसी देखिन्छन् । अझ मौजुदा संविधानमा संशोधन गरेर संविधानसभाबाट बनेको संविधानको मूल 'स्प्रिट'लाई कमजोर बनाउने र माओवादी आन्दोलनका उपलब्धिमाथि कुठाराघात गर्ने र कहीँकतैबाट माओवादी जनयुद्धको गन्ध समेत नआओस् भनेर बदनियतपूर्वक संविधान संशोधनको कपटपूर्ण लिखत गरिएको छ । यो लिखत गुलियो चकलेटभित्र लुकाइएको विष हो भन्ने वर्तमान प्रधानमन्त्री ओलीजीको पछिल्लो संसद्को भनाइ र विगत हेरे मात्र पुग्छ ।

पटकपटक संसद्मा उहाँले बोलेको जालसाजीपूर्ण अभिव्यक्ति, जनयुद्ध र गणतन्त्रप्रतिको उहाँको तुच्छ टिप्पणीजस्ता प्रतिगामी चिन्तन बोकेर यो समीकरणको नेतृत्व गरेकाले नै अहिले यो समीकरणप्रति जनताको आशंका बढ्दै गएको हो । अझ सामान्यतया लोकतन्त्रमा संसद्को पहिलो र दोस्रो ठुलो दल मिलेर सरकार बनाउने परम्परा नै छैन । त्यसमा पनि नकारात्मक सोच, निषेधको राजनीति र बदलाभावको चरम मनोवृत्ति बोकेर हिँड्ने मान्छेहरूको मुख्य धन्दा नै प्रतिशोध लिने हुन्छ । त्यो प्रवृत्ति अधिनायकवाद हो । हामी त्यो अधिनायकवादलाई पछ्याएर होइन, जनताको सेवक बनेर समाजवाद र समृद्धिको यात्रा तय गर्न सक्ने महानायक बन्न सक्नुपर्छ ।

संसदीय राजनीतिमा सरकार फेरबदल हुनु स्वाभाविकै मानिन्छ । बहुमत पुर्‍याउन सक्नेले नै सरकार गठन गर्ने हो । यसमा अन्यथा मान्नुपर्ने केही छैन । तर यो समीकरणको नियत, उद्देश्य र गठन अवस्था हेर्दा यो सामान्य लाग्दैन । अझ कथित सातबुँदे सहमतिको अन्तर्वस्तु, समय र परिस्थिति शंका गर्ने लायक नै छ । त्यसकारण नयाँ सरकार बनेकामा कुनै आपत्ति छैन तर प्रत्येक राजनीतिक घटना क्रममा प्रतिगमनको नेतृत्व गरेकाहरूकै नेतृत्वमा सरकार बन्नु हाम्रो चिन्ता, चासो र खबरदारी मात्र हो । सरकार आफ्नो अनुकूल चलाउन नपाए जुनसुकै बेला संसद विघटन गर्ने र मुलुकलाई अस्थिरताको भुमरीमा धकेल्ने कुचेष्टा गर्ने प्रवृत्तिका सामु कांग्रेससँग मुलुकको अस्थिरताको साक्षी बनेर विघटनको आरोप खेपेर बस्नेबाहेक अरु विकल्प बच्ने छैन ।

अहिले बनेको नयाँ समीकरण समाजवाद र समृद्धिको यात्रा तय गर्न बनेको होइन भन्ने कुरा उनले संसद्मा पेस गरेका कतिपय मिथ्यांकले पनि साबित गर्दछ । यो गठबन्धन माओवादीलाई समाप्त पार्ने षड्यन्त्रमा आधारित छ भन्ने दुई दलीय लोकतन्त्र भन्ने शंकर पोखेलको अभिव्यक्तिबाटै प्रस्टै छ । अझ 'स्थिरता र राष्ट्रिय सहमतिको' सरकारको झुटो नारा दिएर यो गठबन्धनले गरेको भ्रमको खेतीबाट दायाँतिर इन्डिकेटर बालेर आफ्नो गाडी बायाँ मोड्ने अनि देश दुर्घटनामा पार्ने षड्यन्त्र लुकेको सहजै अनुमान गर्न सकिन्छ ।

विगतमा गरेको असंवैधानिक संसद विघटनलाई अहिले पनि सत्य साबित गर्न अनेक प्रपञ्च गरिरहनु, दलाल नोकरशाही पुँजीवादलाई आफ्नो पुँजी ठान्नुले अब उनीहरूले माओवादी आन्दोलन र नेतृत्व कमजोर अनि बदनाम बनाएपछि माओवादी आन्दोलनका एजेन्डामाथि प्रहार केन्द्रित गर्न सकिन्छ भन्ने दाउपेचमा रहेर संविधान संशोधनको पछिल्लो सातबुँदे 'तमसुक' गरिएको छ । माओवादी नेतृत्व, माओवादी एजेन्डा बदनाम र समाप्त पारेपछि माओवादी आन्दोलन र तिनका नेताहरूलाई अपराधीकरण गरी माओवादीलाई पूर्ण रूपमा विघटन गर्ने 'ओलिटिक्स'को नयाँ रणनीति रहेको प्रस्टै छ । उनीहरू सुशासन विरुद्धका सयौँ काण्डबाट मुछिएका छन् । शरणार्थी काण्ड, यति-ओम्नी काण्ड, गिरिबन्धु चिया बगान काण्ड, टीकापुर जग्गा काण्ड, सत्तरी करोडको बास्कोटा काण्ड अहिले देखिएका काण्ड हुन् । यिनीहरूका नेताहरूका चरित्रसम्बन्धी काण्डहरू पनि बेला-मौकामा सार्वजनिक हुने गरेका छन् ।

यति धेरै काण्डमा मुछिएर अझ चरित्र र सुशासनको डंका पिट्न छाडेका छैनन् । उनीहरूले संसद्मा उभिएर बोल्ने सफेद झुट र कपटपूर्ण अभिव्यक्तिहरूले नेपाली जनमानसमा निराशा, घृणा र अविश्वासको नकारात्मक सूचकांकको ग्राफ बढ्दै गएको छ । त्यसैले यो समीकरण माओवादी विघटन गराउने नयाँ चालबाजी मात्र हो भनेर बुझ्न जरुरी छ । यही कुरा बुझ्न नसक्दा कतिपयले अहिले पनि एमालेसँगको लगनगाँठो कसिरहन चाहन्छन् ।

एमाले माओवादीसँग सम्मानजनक एकता होइन, अपमानपूर्ण विलय चाहन्छ । अब हामी माओवादीका सामु दुईवटा विकल्प मात्र बचेका छन् । या त अपमानपूर्ण रूपमा भए पनि विलय वा विघटन हुने अथवा पुराना कमी-कमजोरी सच्चाएर पार्टी पुनर्गठन गर्ने ? पार्टीका लागि यो एउटा यक्ष प्रश्न हो । विगतमा हाम्रा कार्यशैलीमा कहाँ कहाँ भयो कमजोरी ? यसबारे संक्षिप्तमा चर्चा गरौँ । यसले सच्चिन मद्दत नै गर्छ । अहिले मुलुकको बागडोर दलालहरूकै हातमा छ र हिजो पनि थियो । हिजो सरकारमा गएकाहरू पनि बिचौलियाहरूको धन्दाको घेरा तोड्न नसकेर 'अन्तिम भोज'मा रमाएजस्तै थियो । संविधान नै उल्टाउन खोज्नेहरू त प्रतिगामी नै भए तर संविधानको कुरा गरेर आन्दोलनमा कुनै योगदान नै नभएका आफन्त, परिवारजन, रकम लेनदेनबाट नजिक बनेकाहरू, व्यक्तिगत लाभ लिन दिन सक्ने पात्र र प्रवृत्ति छान्ने चलन सिंहदरबारमा कायमै राख्नुले त्यसलाई अग्रगमन भनेर कसरी बुझ्ने ? दलाल नोकरशाही र बिचौलियाका लागि सिंहदरबारको ढोका खुला राखेर आफ्नो वर्ग र निष्ठालाई अपहेलित गर्ने सोच जनयुद्धमा थिएन । सिंहदरबारमा आसीन हुँदाबित्तिकै यस्तो खराब चिन्तन कहाँबाट पैदा हुन्छ ?

सिंहदरबारमा बिचौलिया समाजवादको पक्षपोषण गर्ने समाजवादका नयाँ दलालहरूबाट गरिएका रिपोर्ट, फाइल सदर गर्दा गरिएका आर्थिक लेनदेन, निजी सचिवालयबाट गरिएका अराजनीतिक हर्कतलाई नै भनिन्छ, सत्ता राजनीतिको अराजनीति । अराजनीतिभित्रको राजनीति यस्तै हुन्छ । राजनीतिलाई वर्ग निष्ठा र आदर्शमा हिँडाउने हो भने आचरण, कार्यशैली र प्रवृत्ति बदल्नुपर्छ र बलियो पार्टी निर्माण गरेर एजेन्डाको आधारमा संसद्मा बलियो पकड बनाउन सक्नुपर्छ । यतिबेला क. प्रचण्ड निर्मम बन्न आवाश्यक छ । उहाँलाई सही सुझाव दिन सक्ने सहयोद्धा सारथिहरूको खाँचो छ । यसका लागि प्रचण्डको दायाँ-बायाँ बस्नेहरू गम्भीर हुन् जरुरी छ ।

*(साभार: रातोपाटी)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ साउन १० गते बिहीबार २५ जुलाई २०२४ । चतुर्थी, श्रावण कृष्णपक्ष । दिल्लागा ११४४ ने.सं. । सूर्योदय ५:२४, सूर्यास्त ६:५५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : व्यवसायबाट लाभ पाइने | **तुला** | : कुरा काट्नेहरु सक्रिय हुने |
| **वृष** | : जिम्मेवारी पूरा गर्न सकिने | **वृश्चिक** | : नया काम हात पर्ने |
| **मिथुन** | : गलत विचार बढ्ने | **धनु** | : कार्यान्तरण हुन सक्ने |
| **कर्कट** | : काममा अबरोध आउने | **मकर** | : शुभ समाचार सुन्न पाइने |
| **सिंह** | : अधुरा काम पूरा हुने | **कुम्भ** | : अनावश्यक खर्च बढ्ने |
| **कन्या** | : घरेलु समस्याले सताउने | **मीन** | : भोजको अवसर मिल्ने |

# नेता लामा: गाविस अध्यक्ष हुँदै मुख्यमन्त्रीको यात्रामा

साझाकुरा संवाददाता



हेटौंडा, ८ साउन/ नेपाली कांग्रेसका संसदीय दलका नेता बहादुरसिं लामा बागमती प्रदेशको मुख्यमन्त्री नियुक्त भएका छन् । बुवा स्व.दीपबहादुर लामा तामाङ र आमा स्व पूर्णिमा लामा तामाङको कोखबाट ८ कार्तिक २०२७ मा नुवाकोटको किस्पाङ गाउँपालिका-५ मनकामनामा जन्मिएका उनी तामाङ समुदायबाट मुख्यमन्त्री बन्ने पहिलो भएका हुन् ।

बागमतीमा नेपाली कांग्रेसबाट सरकारको नेतृत्व गर्ने पनि लामा पहिलो भए । लामाले गाउँकै विद्यालयबाट निमावि, सदरमुकाम बिदुरबाट एसएलसी तथा काठमाडौंको शंकरदेव क्याम्पसबाट स्नात्तकसम्मको शिक्षा हासिल गरेका छन् । २०४३ सालदेखि कांग्रेसको भातृ संघ नेपाल विद्यार्थी संघको सदस्यता हुँदै नेविसंघ शंकर देव क्याम्पस ईकाई सदस्य, २०४५ मा नेबिसंघ नुवाकोट क्षेत्रीय सभापति, जिल्ला उपसभापति हुँदै कांग्रेस राजनीतिमा अगाडि बढेका थिए ।

लामा २०५४ सालको स्थानीय तहको निर्वाचनमा नुवाकोट तत्कालीन मनकामना गाविस अध्यक्षमा विजयी भएका हुन् । उनी पार्टीको १३ औं महाधिवेशनमा निर्वाचित केन्द्रीय सदस्य तथा कांग्रेसको वर्तमान केन्द्रीय सदस्य रहे ।

२०६४ सालमा नुवाकोट क्षेत्र नम्बर ३ बाट संविधानसभा सदस्यमा पराजित भएका उनी २०७० सालमा भएको दोस्रो संविधानसभा निर्वाचनमा तत्कालीन एकीकृत माओवादी (हालको नेकपा माओवादी केन्द्र) का महासचिव चर्चित नेता पोष्टबहादुर बोगटीलाई हराएर संविधानसभा सदस्यमा निर्वाचित भएका थिए ।

२०७४ सालमा प्रतिनिधि सभा सदस्य तथा २०७९ सालमा बागमती प्रदेशसभा सदस्य निर्वाचित भएका लामा शेबहादुर देउवाका विश्वास पात्रका रुपमा चिनिन्छन् । लामा बागमती प्रदेश संसदीय दलको नेतामा निर्वाचित भए । २६ चैत २०८० मा सरकारमा आर्थिक मामिला तथा योजना मन्त्रालयको जिम्मेवारी सम्हालेका उनी छोटो समयमै मुख्यमन्त्री बनेर सरकारमा फर्किए ।

# बागमतीमा ट्राफिक प्रहरीबाट १७ करोड ७८ लाख राजश्व उठ्यो

साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ सवारी दुर्घटना कम गर्न बागमती प्रदेशका बिभिन्न जिल्लामा विशेष अभियान चलाएको ट्राफिक प्रहरीले आर्थिक २०८०/८१ मा १७ करोड ७८ लाख १७ हजार रुपैयाँ जरिवानाबापत राजश्व संकलन गरेको छ ।

उपत्यकाका तीन जिल्ला बाहेक बागमतीका १० जिल्लामा ट्राफिक प्रहरीले सञ्चालन गरेको विशेष अभियानका क्रममा दुई लाख २८ हजार दुई सय दुई सवारी साधनलाई कारबाही गरी १७ करोड ७८ लाख १७ हजार राजस्व संकलन गरेको हो ।

पूर्वपश्चिम राजमार्गमा जडान गरिएको सिसीटिभी र राडार गनबाट सवारीगति निगरानी गरिरहेको र सो क्रममा ट्राफिक नियम उल्लघंन गर्ने दुई लाख २८ हजार दुई सय दुई सवारीमाथि कारबाही गरिएको नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय रामनगर चितवनका प्रवक्ता प्रहरी नायवउपरीक्षक मोहन खाणले जानकारी दिए ।

यो अवधिमा बागमतीका १० जिल्लामा भएको एक हजार पाँच सय ३६ सवारी दुर्घटनामा तीन सय १५ जनाले ज्यान गुमाएका छन् । तीन हजार एक सय ९९ जना घाइते भएको प्रवक्ता खाणले बताए । ट्राफिक व्यवस्थापन कार्यालय रामनगरले गत आर्थिक वर्ष २०७९/८० मा दुई लाख ९१ हजार दुई सय ९३ सवारीमाथि कारबाही गरी २६ करोड ३६ लाख ८३ हजार पाँच सय राजस्व संकलन गरेको थियो । यो आवमा एक हजार तीन सय ६२ सवारी दुर्घटनामा तीन सय चारजनाको मृत्यु भएको थियो ।

त्यसअघि आव २०७८/७९ मा कार्यालयले ट्राफिक नियम उल्लंघन गर्ने दुई लाख ५० हजार ९ सवारीमाथि कारबाही गरी दुई करोड ४१ लाख ७० हजार राजस्व संकलन गरेको थियो । क्षमताभन्दा बढी यात्री बोक्ने, तीव्रगतिमा सवारी चलाउने, बिनाहेलमेट र तीनजना सवार भएर मोटरसाइकल चलाउने प्रवृत्ति बढेकाले राजमार्ग तथा अन्य सहायक मार्गमा सवारी जाँचमा कडाइ गरिएको प्रनाउ खाणले बताए ।

# बागमतीमा एमालेका ६ जना मन्त्रीको मन्त्रालय छिनोफानो

साझाकुरा संवाददाता



हेटौंडा, ८ साउन/ बागमती प्रदेश सरकारमा जान तयार भएका एमालेका ६ जना मन्त्रीको मन्त्रालय पनि छिनोफानो भएको छ ।

एमाले संसदीय दलले प्रकाश श्रेष्ठलाई कृषि तथा पशुपन्छी मन्त्रालय, किरण थापामगरलाई स्वास्थ्य मन्त्रालय, कृष्ण सिलवाललाई वन तथा वातावरण मन्त्रालय, सुक्माया तामाङलाई उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, अमन मास्केलाई भौतिक पूर्वाधार विकास मन्त्रालय र प्रेमभक्त महर्जनलाई श्रम रोजगार तथा यातायात मन्त्रालयको जिम्मेवारी दिने अन्तिम टुंगो लागेको छ ।

यसअघिको मन्त्रालय भागबण्डामा दुईवटा मन्त्रालय हेरफेर भएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालय कांग्रेलले लिँदा एमालेले भौतिक पूर्वाधार विकास मन्त्रालय पायो । कांग्रेसले खानेपानी, उर्जा तथा सिचाईं मन्त्रालय लिएर एमालेलाई श्रम, रोजगार तथा यातायात मन्त्रालय दिएको छ । यसअघिको आर्थिक मामिला र खानेपानी मन्त्रालय एमालेलाई, भौतिक र यातायात मन्त्रालय कांग्रेसलाई भागबण्डा लागेको थियो ।

एमालेका मन्त्री हुनेमा श्रेष्ठ बाहेक सबै नयाँ अनुहारका हुन् । श्रेष्ठ भने शालिकराम जम्कट्टेल नेतृत्वको सरकारमा उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्री थिए । जम्कट्टेल नेतृत्वको पछिल्लो सरकारमा रहेका जगन्नाथ थपलिया, केशव पोखेल, एकालाल श्रेष्ठ र रामेश्वर श्रेष्ठ २५ पुस ०७९ मा गठित सरकारमा पनि मन्त्री भइसकेकोले उनीहरुलाई पार्टीले तेस्रोपटक पनि अबसर दिन नचाहेर नयाँ अनुहारलाई सरकारमा पठाउने निर्णय गरेको हो ।

१३ सदस्यीय मन्त्रिपरिषद् रहेको बागमतीमा कांग्रेसले मुख्यमन्त्रीसहित ७ वटा र एमालेले ६ वटा मन्त्रालय लिने गरी भागबण्डामा सहमति भएको छ । कांग्रेसलाई मुख्यमन्त्रीसहित ७ र एमालेलाई ६ मन्त्रालयको भागबण्डा टुंगिएको कांग्रेसका प्रमुख सचेतक गोविन्द लम्सालले जानकारी दिए । कांग्रेसले आन्तरिक मामिला तथा कानुन मन्त्रालय, आर्थिक मामिला तथा योजना, सामाजिक विकास मन्त्रालय, संस्कृति, पर्यटन तथा सहकारी, युवा तथा खेलकुद र खानेपानी, उर्जा तथा सिचाईं मन्त्रालय लिएको सचेतक लम्सालले जानकारी दिए ।

# योजना र स्पेस एजेन्सी विना आफ्नै स्याटेलाइटको रहर



काठमाडौं/गत आइतबार प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभामा विश्वासको मत माग्दा नेपालको आफ्नै स्याटेलाइट (भू-उपग्रह) राख्ने योजना सुनाए । ओलीले यसअघि २०७४ मा प्रधानमन्त्री हुँदा पनि तत्कालै नेपालको आफ्नै स्याटेलाइट प्रक्षेपण गर्ने योजना सुनाएका थिए, जुन योजना २८ असार २०७८ उनी पदमुक्त हुँदासम्म अघि बढेको थिएन ।

नेपाल दूरसञ्चार प्राधिकरणले २०७८/७९ का लागि स्याटेलाइट परियोजनाका लागि ८० करोड रुपैयाँ बजेट समेत छुट्याएको थियो । तर, ओली नेतृत्वको सरकार ढलेलगत्तै यो योजना रोकिएको थियो । शेरबहादुर देउवा प्रधानमन्त्री बनिसकेपछि आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रममा सरकारले नेपालको आफ्नै स्याटेलाइट राख्ने प्रक्रिया अघि बढाउने उल्लेख गरेको थियो । तर, सरकारले यो विषयलाई प्राथमिकतामा राखेर काम गरेन ।

अहिले नेपाली कांग्रेससँग गठबन्धन गरेर प्रधानमन्त्री भएपछि फेरि ओलीले यो योजना स्मरण गरेका छन् । 'नेपालको स्वामित्वमा रहेको आर्बिटल स्लट उपयोग गरी अन्तरिक्षमा आफ्नै स्याटेलाइट स्थापना गर्नेछौं', उनले आइतबार प्रतिनिधिसभामा भनेका छन्, 'ब्याण्डविथको भुक्तानीका लागि विदेशिने गरेको ठूलो रकम रोकिने गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले तुरुन्त काम थाल्नेछ ।'

अन्तर्राष्ट्रिय दूरसञ्चार संगठन (आईटीयू) ले नेपाललाई दिएको नेशनल अर्बिटल स्लट १२३.३ डिग्री देशान्तरमा छ । प्रधानमन्त्री ओलीले यो स्लटमा नेपालको आफ्नै स्याटेलाइट राख्ने योजना पटक पटक सुनाएका छन् ।

**प्रधानमन्त्रीले संसदमा गरेको सम्बोधनको अंश**

२०७९ को प्रतिनिधिसभा तथा तथा प्रदेशसभा निर्वाचनका लागि एमालेले जारी गरेको घोषणापत्रमा समेत नेपालको आफ्नै स्याटेलाइट स्थापना गर्ने उल्लेख थियो । लामो समयदेखि अलपत्र परेको नेपालको अर्बिटल स्लटलाई एमाले सरकारले नै सरकारको स्वामित्वमा ल्याएको दाबी गर्दै त्यसको उपयोग गरी स्याटेलाइट स्थापना गर्ने उसको दाबी थियो । यही दाबीअनुसार प्रधानमन्त्री ओलीले कार्यकालको सुरुमै यो योजनालाई महत्व दिएको देखिएको छ ।

यसअघि सरकारले दूरसञ्चार सेवा, प्रसारण सेवा, प्रतिरक्षा प्रणाली, विभिन्न सूचना प्रणाली, विपद व्यवस्थापन र वातावरण तथा स्वासथ्य लगायतका सेवका लागि उपयोगी हुने गरी सन् २०२२ भित्रै आफ्नै स्याटेलाइट स्थापना गर्ने नीति लिएको थियो । यसले मुलुकभर सहज सञ्चार सुविधा पुग्ने, मौसम पूर्वानुमान र विपद व्यवस्थापन प्रभावकारी हुने र नेभिगेसन सेवा सञ्चालन गर्न सहज हुने सरकारको अपेक्षा थियो ।

तर, सरकारले स्याटेलाइट स्थापना र सञ्चालन र नियमनबारे अहिलेसम्म कानुनी व्यवस्था गरेको छैन । 'विगतमा कानुन समेत नबनाई स्याटेलाइट खरिद प्रक्रिया टुंग्याउन खोजियो', सञ्चार मन्त्रालयका एक अधिकारीले भने, 'अब पनि हतारमा यो काम हुनुहुँदैन ।'

नेपालले आफ्नो ग्राउन्ड स्टेसन नहुँदा भारतले प्रक्षेपण गरेको सार्क स्याटेलाइटमा पाएको ३६ मेगाहर्जको ट्रान्सपोन्डर हिस्सा समेत उपयोग गर्न सकेको छैन । सञ्चार मन्त्रालयका एक अधिकारीका अनुसार अहिले मंगोलिया र बंगालदेशले आफैंले ठूलो लगानीमा प्रक्षेपण गरेका स्याटेलाइटलाई राम्रोसँग उपयोगमा ल्याउन सकेका छैनन् ।

नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठानका एक अधिकारी नेपालले स्याटेलाइटको प्रयोग कुन-कुन क्षेत्रमा कसरी गर्ने हो र कति वर्षभित्र लगानी उठाएर कस्ता लक्ष्य-उद्देश्य हासिल गर्ने हो भन्ने स्पष्ट नभई स्याटेलाइट पठाउन नहुने बताउँछन् । 'बिजनेस प्लान चाहिन्छ, कस्तो क्षमताको स्याटेलाइट पठाउने भन्ने कुरा हाम्रो बिजनेसमा नै भर पर्छ', उनले भने, 'आफ्नै स्याटेलाइटका लागि ठेक्का लगाउनु अघि पूर्वतयारीका लागि गर्नुपर्ने काम तुरुन्तै थाल्नुपर्छ ।'

नेपालले आफ्नो 'स्पेस एजेन्सी' समेत स्थापना गरेको छैन । अन्तरिक्ष वैज्ञानिक आभास मास्के स्याटेलाइट मामिला हेर्ने अन्तरिक्ष एजेन्सीलाई कुन मन्त्रालय अन्तर्गत राख्ने भन्ने नै दुविधा रहेको बताँछन् । अहिले नेपालको 'स्पेस एजेन्सी' बारे कानुन बनाउन शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले अध्ययन गरि रहेको छ । तर, स्याटेलाइटको विषयमा सूचना प्रविधि मन्त्रालयले काम गरिररहेको छ ।

सरकारले कस्तो स्याटेलाइट राख्ने र त्यसको उपयोग कसरी गर्ने भन्नेबारे अरु देशको समेत अनुभव लिएर कानुनहरु बनाउनुपर्ने वैज्ञानिक मास्केको मत छ । 'सरकारले सक्रियता देखाउनु सकारात्मक छ, नतिजामुखी ढंगले काम गर्ने वातावरण बनाउन कार्य क्षेत्रसम्बन्धी अन्योल हटाउनुपर्छ', उनले भने, 'त्यसपछि स्याटेलाइट राख्न पूर्वतयारीका लागि कामहरु अघि बढाउनुपर्छ ।'

विगतमा ओली सरकारकै कामकारबाहीका कारण अन्तरिक्षमा नेपालको आफ्नै स्याटेलाइट राख्ने परियोजना विवादमा परेको थियो । दूरसञ्चार प्राधिकरणले कुनै अध्ययन, प्राविधिक तयारी र नीति तयार नगर्दै व्यावसायिक स्याटेलाइट परियोजना लागि २० असोज २०७३ मा अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरेको थियो । अमेरिका र चीनका ३-३, थाइल्याण्ड, भारत र सिंगापुरका २-२, साउदी अरेबिया, रुस, जर्मनी, क्यानाडा, फ्रान्स, जापान, इजरायल र दक्षिण कोरियाका १-१ कम्पनीले आशयपत्र बुझाएका थिए ।

तर, २०७४ मा ओली नेतृत्वको सरकारका सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बास्कोटाले प्रतिस्पर्धाबाट कम्पनी छान्ने गरी आशयपत्रको मूल्यांकन नै हुन दिएनन् । उनले कानुन बनाएर यसलाई रोकेका थिएनन्, त्यहाँ प्रतिस्पर्धा छल्ने मात्रै उद्देश्य थियो ।

तत्कालीन मन्त्री बास्कोटाले सरकार-सरकारबीचको समझदारी (जीटूजी) बाट अगाडि बढ्ने भन्दै सोझै फ्रान्सेली कम्पनीलाई स्याटेलाइट परियोजना जिम्मा लगाउन खोजेका थिए । इजरायली, रुसी, चिनियाँ र भारतीय कम्पनीले जीटूजी मोडलका लागि गरेका प्रस्तावको सामान्य अध्ययनसमेत गरिएन । ०७५ फागुन तेस्रो साता फ्रान्स पुगेका बास्कोटाले आफ्नै रोहबरमा नेपाल दूरसञ्चार प्राधिकरण र फ्रान्सको थेल्स एलेनिया स्पेसबीच लेटर अफ एक्सचेन्ज (एलओई) मा स्याटेलाइट परियोजना अघि बढाउने गरी हस्ताक्षर गराएका थिए ।

फ्रान्स सरकारको २६ प्रतिशत सेयर रहेको थेलसलाई कम्बोडियामा एक खरिद सम्झौतामा ६९ लाख डलर गोलमाल गरेको भन्दै सन् २००४ मा विश्व बैंकको इन्टिग्रिटी युनिटले एक वर्ष कालो सूचीमा राखेको थियो । थेल्सविरुद्व दक्षिण अफ्रिकामा हातहतियार ठेक्कामा अनियमितता गरेको मुद्दा चलेको थियो ।

सम्झौतापछि सुरक्षण मुद्रण र स्याटेलाइट परियोजना फ्रान्सेली कम्पनीहरुलाई दिलाउने योजनाका डिजाइनर यति होल्डिङ्स समूह भएको भन्दै विवाद भएको थियो । यति समूहका सञ्चालक आङछिरिङ शेर्पाको एलओईमा हस्ताक्षर गर्ने कार्यक्रममा सहभागी हुन फ्रान्स उड्नुपर्ने अघिल्लो दिन १५ फागुन २०७५ ताप्लेजुङमा हेलिकप्टर दुर्घटनामा परेर मृत्यु भएको थियो ।

शेर्पाको निधनपछि उत्पन्न प्रतिकूल परिस्थितिका बाबजुद ९ देखि १२ अर्बसम्ममा काम गर्ने प्रस्ताव लत्याउँदै फ्रान्सेली कम्पनीसँग करिब २२ अर्बसम्म खर्चिने गरी स्याटेलाइट खरिद सम्झौता गर्ने तयारी थियो । मूल्य र ऋण सुविधासमेत निर्धारण गरेर फ्रान्सको सरकारी कम्पनीसँग खरिद सम्झौता गर्ने तयारी भएको थियो ।

३० जेठ २०७६ मा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली फ्रान्स भ्रमणमा जाने र परियोजनाको खरिद सम्झौता गर्ने योजना थियो । तर त्यही बेला नेपालको स्याटेलाइट रहने स्लट (स्थान) लाई लिएर लाओसले अन्तर्राष्ट्रिय दूरसञ्चार संगठन (आईटीयू) विरोधको सूचना दिएपछि अन्तिम समयमा सम्झौता रोकिन पुगेको थियो ।

सरकारको पहलपछि २२ माघ २०७६ मा मात्रै लाओसले आर्किटल स्टलबारे आफ्नो दाबी विरोध फिर्ता लियो । तर ८ फागुन २०७६ मा सेक्युरिटी प्रिन्टिङ प्रेस स्थपनाका लागि ७० करोड कमिसन मागेको अडियो सार्वजनिक भएपछि बास्कोटा पदबाट राजीनामा दिन बाध्य भएका थिए ।

त्यसपछि सरकारले नेपालको आफ्नै स्याटेलाइट स्थापनापछि नेपालभित्रका विभिन्न दूरसञ्चार कम्पनी, रेडियो तथा टेलिभिजन सेवा प्रदायकले विदेशी सेवा प्रदायकबाट स्याटेलाइट सुविधा लिन नपाउने गरी दूरसञ्चार ऐन संशोधनको तयारी अघि बढाएको थियो । फ्रान्सेली कम्पनी आएपछि २५ वर्षसम्म एकाधिकार दिएर लगानी उठाउने योजना तयार थियो ।

त्यसैअनुसार २ असार २०७७ मा सरकारले ८ पृष्ठको भू उपग्रहसम्बन्धी नीति ल्याएको थियो । नेपालमा स्याटेलाइट सेवा लिन विदेशी सेवा प्रदायकमा आश्रित हुनुपर्दा ठूलो मात्रामा विदेशी मुद्रा बाहिरिएको भू-उपग्रह नीतिमा उल्लेख छ । आफ्नै स्याटेलाइटबाट विकट भौगोलिक क्षेत्रमा ब्रोडब्याण्ड इन्टरनेट सेवा र प्रसारण सेवा पुऱ्याउने लक्ष्य उक्त नीतिमा छ । विदेशी स्याटेलाइट प्रयोग गर्दा राष्ट्रिय सुरक्षासँग सम्बन्धित सूचनाको गोपनीयता कायम गर्न चुनौती भएको भन्दै नीतिले त्यसलाई समाधान गर्ने उद्देश्य राखेको छ ।

स्याटेलाइट राखेपछि नेपाली सेवा प्रदायकहरूले विदेशी व्यापारिक स्याटेलाइट सेवा प्रदायकबाट भन्दा सस्तोमा सेवा पाउने र आफ्नै स्याटेलाइट भए विपदका बेलामा पनि जनतासँग अविछिन्न सम्पर्कमा रहने सकिने नीतिमा उल्लेख छ ।

स्याटेलाइट स्थापनापछि सन् २०२४ सम्ममा कुल गार्हस्थ्य उत्पादनमा डिजिटल क्षेत्रको योगदानलाई उल्लेख्य रुपमा वृद्धि गर्ने लक्ष्य नीतिले लिएको छ । तर, त्यो पूरा नहुने देखिसकेको छ । स्याटेलाइट सञ्चालन तथा व्यवस्थापनका लागि छुट्टै संस्थागत व्यवस्था गर्ने र त्यो नहुँदासम्म नेपाल दूरसञ्चार प्राधिकरणले यस्तो जिम्मेवारी पाउनेसमेत नीतिमा उल्लेख छ ।

यो नीतिले विवादमा परेको फ्रान्सेली कम्पनीसँगको स्याटेलाइट खरिद प्रक्रिया अघि बढाउन बाटो खोलेको थियो । त्यसैकारण नेपाल दूरसञ्चार प्राधिकरणले २० असोज २०७३ मा आह्वान गरेको आशयपत्रको प्रक्रिया २२ मंसिर २०७७ मा रद्द गऱ्यो ।

तर, खरिद प्रक्रिया मिचेर सेक्युरिटी प्रिन्टिङ प्रेसकै शैलीमा कमिसनका लागि महंगोमा फ्रान्सेली कम्पनी थेल्ससँग स्याटेलाइट खरिद सम्झौता हुन लागेको भन्दै विरोध भयो । तत्कालीन अवस्थामा सञ्चार मन्त्रालयको समेत जिम्मेवारी पाएका युवराज खतिवडाले सार्वजनिक प्रतिस्पर्धाबाटै खरिद सम्झौताहरु गनुपर्ने प्राधिकरणलाई निर्देशन दिएका थिए ।

१ पुस २०७७ मा दूरसञ्चार प्राधिकरणले भू-उपग्रह स्थापनाको नियमन तथा सुरक्षा, व्यापार र सञ्चालन मोडालिटीबारे अध्ययन अनुसन्धान गर्न भन्दै अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरेको थियो । ९ कम्पनीको आवेदन पर्दा भारतको केपीएमजी असुर्यानसिटी एण्ड कन्सल्टिङ सर्भिस, अमेरिकाको स्पेस पार्टनरसिप इन्टरनेसनल, बेलायतको लण्डन इकोनिमिक्स लिमिटेड र फ्रान्सको युरो कन्सल्ट, दुबईको एस थ्री टेल इंक आधारभूत रुपमा प्रतिस्पर्धाका लागि योग्य ठहरिएका थिए ।

४ कम्पनीले प्राविधिक तथा आर्थिक प्रस्ताव बुझाएपनि प्राविधिक रुपमा अस्पष्ट कुराहरुबारे कुनै पनि कम्पनीले 'रेस्पोन्स' नगरेको भन्दै १४ साउन २०७८ मा सो आशयपत्र पनि रद्द गरिएको थियो । त्यसपछि प्राधिकरणले स्याटेलाइट सम्बन्धी कुनै काम गरेको छैन । ५ वैशाख २०७६ मा जापानमा अध्ययनरत नेपाली युवा वैज्ञानिक हरिराम श्रेष्ठ र आभास मास्केले बनाएको 'नेपालीस्याट-१' नामक भू-उपग्रह अन्तरिक्षमा ८४१ दिन रहेर खसेको थियो ।

जापानको क्युटेक विश्वविद्यालयसँग सहकार्यमा तयार भएको 'नानो स्याटेलाइट' को यो परियोजनाको सफलतापछि नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) र अन्तरिक्ष प्रतिष्ठान नेपालको सहकार्यमा 'डाँफे' र 'मुनाल' नामका थप दुई नानो स्याटेलाइट पठाउन तयारी भइरहेको छ । तर, यी व्यवसायिक प्रयोजनका स्याटेलाइट हैनन् ।

*(स्रोत: अनलाइनखबर)*

# नेपाल एसिया कपको समूह चरणबाटै बाहिरियो



काठमाडौं/नेपाल एसीसी वुमन्स एसिया कप प्रतियोगिता २०२४ मा भारतसँग ८२ रनको फराकिलो अन्तरले पराजित भएसँगै समूह ए बाटै बाहिरिएको छ ।

भारतले दिएको १७९ रनको बलियो लक्ष्य पछ्याएको नेपालले २० ओभरमा ९ विकेट गुमाउँदै ९६ रन बनायो । नेपालका लागि ओपनर सीता राना मगरले २२ बलमा ३ चौकासहित सर्वाधिक १८, कप्तान इन्दु बर्माले १८ बलमा २ चौकासहित १४ र रुबिना क्षेत्रीले १६ बलमा २ चौका र १ छक्कासहित १५ रन बनाइन् ।

सम्झना खड्का ७, कविता कुँवर ६, पूजा महतो २, कविता जोशी डक, डली भट्ट ५, काजोल श्रेष्ठ ३ रनमा आउट भइन् । विन्दु रावल १९ बलमा २ चौका सहित १७ रनमा नट आउट रहिन् ।

भारतकी दिप्ती शर्माले ३, अरुणधिता रेड्डी र राधा यादवले २/२ विकेट लिए । रेनुका सिंहले १ विकेट लिइन् । त्यसअघि श्रीलंकाको राङगिरी डम्बुला अन्तर्राष्ट्रिय रंगशालामा टस जितेर ब्याटिङ गरेको भारतले निर्धारित २० ओभरमा ३ विकेट गुमाउँदै १७८ रन बनाएको थियो ।

भारतको जितमा ओपनर शेफाली बर्माले ४८ बलमा १२ चौका र १ छक्कासहित सर्वाधिक ८१ रन बनाइन् । उनको यो टी२० आई करिअरको उच्च प्रदर्शन हो ।

अर्की ओपनर दयालन हेमलथाले ४२ बलमा ५ चौका र १ छक्कासहित ४७ रन बनाइन् । भारतलाई ओपनर हेमलथा र शेफालीले १४ ओभरमा १२२ रनको शतकीय साझेदारी गर्दै बलियो योगफलको आधार तय गराएका थिए ।

नेपाललाई स्पिनर सीता राना मगरले हेमलथालाई लङअनमा रुविनाबाट क्याच गराउँदै पहिलो सफलता दिलाएकी थिइन् । शेफाली सीताकै बलमा विकेटकिपर काजोल श्रेष्ठबाट स्टम्पिङ आउट हुँदै शतकको अवसर गुमाएकी थिइन् ।

सजीवन सजनाले १२ बलमा १० रन बनाउँदै एलबीडब्ल्यु आउट भइन् । जमीमा रोड्रिग्सले २८ रन र रिचा घोष ६ रनमा अविजित रहे । नेपालकी सीता राना मगरले ४ ओभरमा २५ रन खर्चेर २ तथा कविता जोशीले १ विकेट लिइन् ।

समूह ए बाट भारत ३ खेलमा अपराजित रहँदै सेमिफाइनलमा पुग्यो । पाकिस्तान ३ खेलमा २ मा जित र १ मा हारसहित ४ अंकका साथ दोस्रो स्थानमा रहँदै सेमिफाइनलमा पुग्यो ।

नेपालले पहिलो खेलमा यूएईलाई ६ विकेटले हराउँदा दोस्रो खेलमा पाकिस्तानसँग ९ विकेटले हारेको थियो । नेपालको एसिया कपमा तेस्रो सहभागीता हो । यसअघि सन् २०१२ र २०१६ मा एसिया कप खेलेपनि एक खेल जित्न सकेको थिएन ।

# गुरुङ फिल्मबाट उदाएकी कृष्टिनलाई 'ईश्वर'प्रति अपेक्षा

काठमाडौं/गुरुङ भाषाका फिल्ममा अभिनय गर्दै आएकी अभिनेत्री कृष्टिन गुरुङ मूलधारको फिल्ममा पनि अगाडि बढिरहेकी छन् । अघिल्लो वर्ष आएको 'दयारानी'मा छोटो भूमिकामा देखिएकी उनले अब यही साउन ११ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'ईश्वर'मा मुख्य भूमिकामा अभिनय गरेकी छन् । उनी यो फिल्ममा निर्माता व थापा र अभिनेता माओत्से गुरुङका कारण जोडिन पुगेकी थिइन् ।

'उहाँहरुले फिल्मका लागि मंगोलियन अनुहार खोजिरहनु भएको रहेछ । उहाँहरुसँग भेट भएपछि कथा र चरित्रले आकर्षित गऱ्यो । यसैले फिल्ममा जोडिएँ', उनी भन्छिन् । गुरुङ फिल्ममा प्राय: ग्रामीण चरित्र निर्वाह गर्दै आइरहेकी उनले 'ईश्वर'मा पनि त्यसलाई नै निरन्तरता दिएकी छन् । फिल्ममा उनको पात्रको नाम मिनु छ, जो पेशाले शिक्षिका हुन्छिन् । उनी आफ्नो चरित्रबाट सन्तुष्ट छिन् ।

कृष्टिनलाई मिनु चरित्र निभाउन भने चुनौती महसुस भएको रहेछ । 'म सानो क्यारेक्टरबाट आएकी हुँ । सुरुदेखि नै ठूलो क्यारेक्टर गर्दै आइरहेको भए चुनौती महसुस हुन्न थियो होला । तर, 'ईश्वर'मा केही चुनौती चाहिँ भयो', उनको अनुभव छ । गाउँले विषयवस्तु मन पराउने गरेकी कृष्टिनलाई मोर्डन क्यारेक्टरमा आफू फिट हुन्न भन्ने लाग्छ । यसैले उनको रोजाईमा पनि ग्रामीण चरित्र नै पर्छ ।

कृष्टिनलाई 'ईश्वर'प्रति ठूलो आशा र अपेक्षा छ । 'म यो फिल्मबाट एकदमै आशावादी छु । अहिले यसैमा ध्यान छ । अरु फिल्मको लागि मैले कुरा पनि गरेकी छैन । 'ईश्वर'बाट कस्तो प्रतिक्रिया आउँछ, त्यसपछि अरु फिल्म गर्ने या नगर्ने भन्ने निर्णय लिनेछु,' उनी भन्छिन् ।

*(स्रोत: फिल्मीखबर)*

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# बागमतीका कानुनमन्त्री श्रेष्ठको प्रगतिविवरण सार्वजनिक

साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले आफ्नो १८ महिने कार्यकालमा गरेका कार्यको प्रगतिविवरण सार्वजनिक गरेका छन् ।



मन्त्री श्रेष्ठले २०७९ माघ ११ देखि २०८१ साउन ६ गतेसम्म शालिकराम जम्कट्टेल नेतृत्वको सरकारमा आन्तरिक मामिलामन्त्रीको रुपमा रहँदा गरेका कार्यको विवरण मंगलबार सार्वजनिक गरेका हुन् । नयाँ सत्तासमीकरण बनेर जम्कट्टेलले राजीनामा दिएसँगै सरकार ढलेको छ । श्रेष्ठले सरकार गठन भएदेखि हालसम्म ७१ वटा प्रहरी भवन निर्माणमा प्रदेश सरकारले लगानी गरेको तथा ६५ वटा भवन निर्माण सम्पन्न भएको जानकारी दिए ।

यस्तै निर्माण सम्पन्न भएकामध्ये ६१ वटा भवन उद्घाटन भई हस्तान्तरण गरिएको तर, बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडा, सिन्धुलीको हर्षही प्रहरीचौकी, नुवाकोटको देउराली प्रहरीचौकी, रामेछापको भुजी प्रहरीचौकी गरी ४ वटा प्रहरी कार्यालय भवन निर्माण सम्पन्न भएपनि हस्तान्तरण गर्न बाँकी रहेको श्रेष्ठले जानकारी दिए । ६ वटा भवनहरु निर्माणाधीन अवस्थामा रहेको जानकारी दिँदै उनले हालसम्म प्रहरी कार्यालय भवन निर्माण गर्न ३ अर्ब ४७ करोड २२ लाख ६४ हजार रुपैयाँ निकासा भएको बताए ।

यस्तै कार्यकालमा नागरिक प्रदर्शनलाई व्यवस्थित र मर्यादित बनाउन प्रत्येक जिल्लामा सुरुमा १-१ सार्वजनिक नागरिक प्रदर्शनीस्थल निर्माणका लागि जिल्ला प्रशासन कार्यालयमा रकम अख्तियारी प्रदान गरिएको, २५ वटा शान्ति पार्कको पूर्वाधार निर्माण तथा स्तरोन्नतिको कार्य सम्पन्न भएको, विपद्मा खोज तथा उद्धारकार्य प्रभावकारी बनाउन झण्डै ३ करोड बराबरको लागतमा ६४ प्रकारका विपद्उद्धार सामग्री खरिद गरी भण्डारण गरिएको, विपद् जोखिम रहेका २६ स्थानीय तहलाई ३ करोड ४५ लाख रुपैयाँ प्रदान गरिएको जानकारी दिए ।

यसैगरी प्रदेश सरकारलाई संस्थागत र सवलीकरण गर्न प्रदेश सरकार गठन भएपश्चात हालसम्म ऐन ६३, अध्यादेश १४, नियमावली २५, विनियमावली २, निर्देशिका ८, कार्यविधि ५५, मापदण्ड १०, आदेश ७ गरी जम्मा १८४ वटा कानुन निर्माण भएको उनले जानकारी दिए । २०७९ माघ ११ गतेबाट २०८१ साउन ६ सम्म ऐन- ९, अध्यादेश १, नियमावली ७, निर्देशिका ४, कार्यविधि २०, मापदण्ड -६, विधान-२ र आदेश-३ र राजपत्र सूचना- ४३ गरी कुल ९५ कानून प्रदेश राजपत्रमा प्रकाशन गरिएको उनले जानकारी दिए ।

# प्रजातान्त्रिक विचार समाजद्वारा आश्रमलाई सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ प्रजातान्त्रि विचार समाज मकवानपुरले ४२ औं वीपी स्मृति दिवसको अवसरमा हेटौंडा-२ मा रहेको ओम बृद्धाश्रमलाई ३५ हजार रुपैयाँ सहयोग गरेको छ । मंगलबार एक कार्यक्रमबीच बृद्धाश्रमका लागि ३५ हजार रुपैयाँ हस्तान्तरण गरिएको हो ।

नेपाली कांग्रेसका केन्द्रीय सहमहामन्त्री महालक्ष्मी उपाध्याय डीना, विचार समाजका अध्यक्ष डा.देवचन्द्र मानन्धर लगायतले आश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठलाई नगद हस्तान्तरण गरेका हुन् । समाजको तर्फबाट २५ हजार र सहमहामन्त्री उपाध्यायको तर्फबाट १० हजार गरी ३५ हजार रुपैयाँ सहयोग गरिएको हो । वीपी स्मृति दिवसमा सामाजिक कार्य गर्ने उद्देश्यका साथ आश्रमलाई नगद सहयोग गरिएको समाजका अध्यक्ष मानन्धरले बताए । कार्यक्रमका प्रमुख अतिथि उपाध्यायले वीपीलाई सम्झिने क्रममा बृद्धाश्रममा सहयोग गर्नु सराहनीय कार्य भएको बताइन् ।

उनले बृद्धाश्रमलाई थप व्यवस्थित गर्न अनुरोध गर्दै आगामी दिनमा पनि सहयोग जारी राख्ने प्रतिबद्धता जनाइन् । उनले बृद्धाश्रमलाई बुवाआमाको आश्रम भन्नु राम्रो हुने सुझाव समेत दिइन् ।

बागमती प्रदेशसभा सदस्य लक्ष्मी श्रेष्ठले बृद्धाश्रमसम्म व्यवस्थित बनाउने दायित्व राज्यको भएको धारणा राखिन् । बृद्धाश्रमका अध्यक्ष श्रेष्ठका अनुसार हाल आश्रममा २५ जना आश्रित छन् । सहयोग हस्तान्तरण कार्यक्रममा कांग्रेस बागमती प्रदेश संसदीय दलका उपनेता रामकृष्ण चित्रकार, प्रमुख सचेतक गोविन्द लम्साल, प्रदेशसभा सदस्यहरु रामकुमार पहाडी, क्षेत्रबहादुर बम्जन, कोशीका प्रदेशसभा सदस्य ममता तामाङ मगर, कांग्रेस मकवानपुरका पूर्वसभापति रघुरमण न्यौपाने, नेता आनन्दराम पराजुली लगायतको आतिथ्यता रहेको थियो ।

# हेटौंडा-११ मा नेतृत्व विकास तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ८ साउन/ हेटौंडा उपमहानगरपालिका-११ मा नेतृत्व विकास तालिम सुरु भएको छ । ११ नम्बर वडास्थित सिमलटार टोल विकासमा रहेको समूह, समुदायलाई लक्षित गरी तालिमको आयोजना गरिएको हो ।

तालिम आवासका लागि सहयोग समूह (लुमन्ती) काठमाडौं, हेटौंडा उपमहानगरपालिका एवम् फ्रेसवाटर एक्सन नेटवर्क साउथ एसिया, खानेपानी सरसफाइ तथा उपभोक्ता महासंघको संयुक्त आयोजनामा सुरु भएको हो ।

दिगो विकास लक्ष्य ६ हाँसिल गर्न दक्षिण एसियामा नागरिक सञ्जाललाई सवलीकरण गर्दै अधिकारका लागि अघि बढौं परियोजना अन्तरगत समूह व्यवस्थापन तथा नेतृत्व सीप विकास तालिम दिइएको लुमन्तिका कार्यक्रम संयोजक उद्धव भट्टराईले जानकारी दिए ।

राम डंगोलको सहजीकरणमा भइरहेको तालिममा सिमलटारका ४५ जना सहभागी रहेका छन् । तालिम भोलिसम्म संचालन हुनेछ । सिमलटार टोल विकास संस्थाका सादस्य छेगु गोलेको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा, हेटौंडा-११ का वडासमन्वय समिति अध्यक्ष यज्ञबहादुर आचार्य, सुन्दर ढोका साथी सेवाका कैलाश गाउँपालिका कार्यक्रम संयोजक राम पार्की लगायतको सहभागिता रहेको थियो ।


सूचना ! सूचना !! सूचना !!!

अब किन जानु पर्‍यो विदेश ?

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्

७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिरनेरीको रुपमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्
Singhababini Moto Corp Pvt. Ltd.
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५



हाम्रो सुमो सेवाको नयाँ प्रस्तुति...



Electric Van (EV)
विद्युतीय यात्रुबाहक सेवा





२०६८ सालदेखि हेटौंडा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो **सुमो सेवा** प्रदान गर्दै आएको यस कम्पनीले अब **विद्युतीय सवारीसाधन Electric Van (EV)** मा गुणस्तरीय सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।

हेटौंडा–काठमाडौं–हेटौंडा
हेटौंडा–वीरगञ्ज–हेटौंडा

सधैं झैं आरामदायी यात्राको लागि सम्झनुहोस्

साथै, यस कम्पनीद्वारा सञ्चालित **EV**, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोस् ।

सञ्चालकः भेष खड्गी
हाम्रो सुमो सेवा
हेटौंडा-४, मेनरोड (बलराम दास पेट्रोल पम्पनजिकै)
९८४५४५७५०७, ९८५५०६८८७३



"हाम्रो आधुनिक राम्रो आधुनिक, राम्रो आधुनिक हाम्रो आधुनिक"
"गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता"

**श्री आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय**
हेटौंडा-४, मकवानपुर

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

शैक्षिक सत्र २०८१/०८२ को लागि कक्षा ११ मा (+2 science) मा नयाँ भर्ना खुल्यो

हामीलाई विश्वास गर्नुहोस्, तपाईंको सक्षमताको ढोका हामी खोल्छौं ।

अध्यापन हुने विषयहरू

**विज्ञान संकायतर्फ**
क. भौतिक विज्ञान (Physics)
ख. रसायन विज्ञान (Chemistry)
ग. जिव विज्ञान (Biology)
घ. कम्प्युटर विज्ञान (Computer)

**शिक्षाशास्त्र तर्फ**
क. अंग्रेजी (English)
ख. नेपाली (Nepali)
ग. गणित (Math)

**व्यवस्थापन तर्फ**
क. विजनेस स्टडिज (Business studies)
ख. अर्थशास्त्र (Economics)
ग. गणित (Basic Math)

**प्राविधिक तर्फ**
क. कम्प्युटर सफ्टवेयर

हाम्रो विशेषताहरू:
- ब्रिटिस काउन्सिलद्वारा अन्तर्राष्ट्रिय मान्यता प्राप्त ISA 2020/2023 द्वारा सम्मानित मकवानपुरको पहिलो र एक मात्र विद्यालय
- पूर्ण मल्टिमिडियाको प्रयोग
- व्यवस्थित तथा उत्कृष्ट विज्ञान प्रयोगशालाको व्यवस्था
- विद्यार्थीको व्यक्तिगत पहिचान सहित तयारी
- कमजोरी विद्यार्थीलाई अतिरिक्त कक्षाको प्रबन्ध
- न्युनतम लागतमा अधिकत्तम सन्तुष्टि
- समाय समयमा अतिरिक्त क्रियाक्लाप संचालन हुने
- विभिन्न अन्तर्राष्ट्रिय प्रोजेक्ट माध्यमद्वारा (भारत, जापान, मलेसिया, बेलायत, इजिप्ट पेलिष्टाइनका विभिन्न विद्यालयहरुसँग) शिक्षण सिकाई क्रियाकलाप गरिरहेको
- गरिब तथा जेहनदार विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था

मो सगिम (समिन खान) अध्यक्ष ९८११८८२२८६
श्री रामसागर गुरागाईं प्रधानाध्यापक ९८५५०६०९३३
श्री राजाराम पोखरेल ९८४५४६३१८८
श्री संतिश आचार्य ९८४५०३०७८७
श्री आधुनिक राष्ट्रिय मा.वि. ०५७-५२०७६६



साझाकुरा
खोजी खोजी पढौं ।



भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

3 YEARS HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, PADIOGRAPHY

SEE/SLC पास पछिको ३ वर्ष प्रमाण पत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८१/०८२ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका, (SEE/SLC) परीक्षामा गणित, अंग्रेजी र विज्ञान विषयलाई समग्रमा Grade Point Average (GPA) न्युनतम २ प्राप्त हुनु पर्नेछ ।

MTI का विशेषताहरू
- उत्कृष्ट एवम् अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराइने
- उत्कृष्ट पूर्वाधार प्राप्त OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवम् मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराइने
- उत्कृष्ट ल्याबको सुविधा
- उत्कृष्ट नतिजा
- २९ वर्षदेखि निरन्तर चलिरेहेको संस्था

फारम शुल्क रू.१५००/-

कार्यक्रमहरू

| | |
|---|---|
| Health Assistant (HA) | 40 सिट |
| PCL Lab Technology | 30 सिट |
| PCL Radiography | 30 सिट |
| PCL Physiotherapy | 40 सिट |

फारम वितरण मिति : २०८१/०३/१६ गते आइतबार देखि
फारम बुझाउने अन्तिम मिति : २०८१/०४/१३ गते आइतबार बेलुका ४:३० सम्म
प्रवेश परीक्षा सञ्चालन हुने मिति : २०८१/०४/१९ गते विहान ८:०० बजे

मकवानपुर टेक्निकल इन्ष्टिच्युट
हेटौंडा-५, भैरवरोड
सम्पर्क : ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२



सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्यास रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्यास/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना